# १. पृष्ठभूमि

युगअनुसार विकास र यसको प्रक्रिया फरक ढङ्गले अघि बढ्दो रहेछ । पहिले-पहिले अत्यन्तै सामान्य लाग्ने कुरा पछि गएर विशेष महत्त्वको बन्दो रहेछ । अघिल्लो पुस्ताले चासो नदेखाएको क्षेत्रलाई पछिल्लो पुस्ताले अनिवार्य आवश्यकताको विषय बनाउनुपर्ने हुँदोरहेछ । अघिल्लो पुस्ता, समय र अवस्थासँग शिक्षालाई गाँसेर हेर्दा यिनै कुराहरू छर्लङ्ग भएर देखापर्छन् । मानव सभ्यताको विकास क्रम र यसको ऐतिहासिक पक्षसँग शिक्षा पनि यही रूपमा गाँसिएर आएको छ । ‘गुरुकूल शिक्षा प्रणाली’ को विकसित स्वरूप यस रूपमा निरन्तर अघि सरिरहेको छ । जीवन यापनका लागि अनिवार्य सर्त र आवश्यकता भएर शिक्षा आर्जन र यसको प्रक्रियाले समाज र सामाजिक जीवनसँग आफ्नो बलियो साइनो गाँसेको छ । व्यक्तित्व विकासको सशक्त माध्यम र आजको यो विश्वको अनिवार्य सर्त विद्यालय जीवनदेखि उठेर माथिल्लो तहसम्म पुग्छ । हुनत कतै न कतै र कुनै न कुनै समयमा निरन्तर प्रकृयाका रूपमा सिकाइको नियमितता उठी रहन्छ तर पनि शैक्षिक योग्यताका सवालमा हरेक शिक्षार्थीले आफूलाई तहगत रूपमा अघि बढाएकै हुन्छ । यसैको परिणाम कोही अनुसन्धानका क्रममा अध्ययनको स्वरूप विकासमा जुट्छन् त कसैले त्यो भूमिकामा आफूलाई सामेल गराई आफ्नो दैनिकीलाई निरन्तर अघि सारिरहेका हुन्छन् ।

अध्ययनसँग गाँसिएर आउने शिक्षक, विद्यार्थी, विद्यालय, कक्षा-कोठा, वातावरण, परिवेश सबैको आपसी सम्बन्ध आफ्नै किसिमको हुन्छ । कुनै-कुनै बेला कुनै कुनै पक्षको सम्वन्ध छुटेमा सिकाइ प्रक्रियालाई त्यसले प्रभाव पारिरहेकै हुन्छ । त्यसैमध्ये शिक्षक र विद्यार्थीको साइनो व्याख्याभन्दा परको विषय हो । कतिपय अभ्यासका कुराले अवसर जुटाइदिन्छ । कुरा, अभ्याससँग जोडिएर आउने अवसरको हो । एक छात्र शिक्षक जसले आफ्नो अनिवार्य सर्त पूरा गर्ने क्रममा यी छात्रालाई आफ्नो अध्ययनको विषय बनाएको छ । त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड. तेस्रो वर्षको अभ्यास शिक्षणका क्रममा यो छात्र-शिक्षकले श्री मङ्गल उच्च मा.वि. कीर्तिपुरकी कक्षा सातमा

अध्ययनरत छात्रा सुश्री मीना श्रेष्ठलाई लिएर बाल अध्ययन प्रतिवेदन तयार पारेको छ ।

वि.सं. २०१९ सालमा स्थापित कीर्तिपुरको यो जेठो विद्यालयमा विगत ७ वर्षदेखि नियमित रूपमा अध्ययन गर्दै आएकी मीना श्रेष्ठ कीर्तिपुर निवासी नै हुन् । विद्यालयमा रहँदा आफूलाई अनुशासित विद्यार्थीका रूपमा चिनाएकी मीनाले, कक्षा ७ का दुई समूहका कूल ६८ विद्यार्थीहरूलाई उछिनेर अग्रस्थानमा आफूलाई हिँडाउन सफल भएकी छिन् । उनको पारिवारिक, व्यक्तिगत, शैक्षिक, स्थितिकासाथै उनीसँग प्रत्यक्ष सम्पर्कमा आउने विभिन्न वातावरण र त्यससँग उनको सम्बन्धको एक खोजमूलक विश्लेषण यो अध्ययनले दिनेछ ।

## २. मीनाको परिचय र उनको पारिवारिक पृष्ठभूमि

मीना श्रेष्ठ

काठमाडौँ उपत्यकाभित्रको कीर्तिपुर नगरपालिका वडा नं. ४ मा पिता रत्नबहादुर श्रेष्ठ र माता इन्द्रमाया श्रेष्ठका कोखबाट तेस्रो सन्तानका रूपमा वि.सं. २०५२ मा मीनाको जन्म भएको हो । आफ्ना माता-पिताकी साहिँली छोरी मीना, अढाई वर्ष अघि आफ्नी माहिली दिदीको देहवसान भएपछि यतिबेला माहिली बनेकी छिन् भन्नुहुन्छ माता इन्द्रमाया । यतिबेला ६ जनाको परिवारमा रहेकी मीनाको घर-परिवारको सम्पूर्ण पारिवारिक जिम्मा त्रि.वि. मा प्रयोगशाला व्यक्ति (ल्याब बोइ) पदमा कार्यरत कर्मचारी अर्थात उनका पिता रत्नबहादुरको काँधमा छ । झट्ट हेर्दा गम्भीर प्रकृतिकी देखिने मीना, सरल मिजासकी र सोझी छिन् । विद्यालयमा रहँदा सकेसम्म पढ्न मन पराउने र घरमा पनि अधिकांश समय पढेरै बिताउने मीना, फुर्सदको समय उनीभन्दा मसिना भाइबहिनीहरूसँग लुकामारी खेलेर बिताउँछिन् । त्यसो त खाली समयमा टि.भी., हेर्ने र रेडियो सुन्ने पनि यिनको बानी छ । सामान्य दाल, भात र बन्दाको तरकारी मनपराउने मीनालाई कुखुराको मासु भने औधी मन पर्छ । उनी खसी

र राँगाको मासुका साथै अण्डा पनि मन पराएरै खान्छिन् । हास्यव्यङ्ग्यात्मक कुराकानी हेर्न र पढ्न मन पराउने मीना, फुर्सद मिले कथा सुन्न, पढ्न र भन्न पनि मन पराउँछिन् ।

अति सामान्य परिवारमा जन्मिएकी मीनाको परिवारलाई दैनिकी गुजार्न पनि निकै समस्या छ । आफू सहित एक दिदी र दुई बहिनीको पढाइ खर्च र दैनिक घरायसी खर्च धान्न मीनाका पिता रत्नबहादुर (त्रि.वि. का पियन वा सो सरहका कर्मचारी) र माता इन्द्रमाया (गृहिणी) लाई धौधौ परेको छ । खर्चको सामान्य मेलोमेसो मिलाउन आफ्नै घरमा साधारण पसल (खिर्चीमिर्ची सामानको) समेत चलाएको बताउनु हुन्छ मीनाकी आमा इन्द्रमाया । आर्थिक अभावलाई थोरै भएपनि न्यून गराउन गतसाल निर्मित घरका दुई कोठा भाडामा दिइएको समेत पाइयो तर यसले पानी र बत्तीको मासिक महसुल मिलान गर्न समेत नभ्याउने र नयाँ घर निर्माणका क्रममा परेको ऋणको भार बोझिलो बनेको गुनासो पोख्नु हुन्छ मीनाकी आमा इन्द्रमाया ।

परिवारका यस्ता विविध समस्याका बीचबाट निस्किएर आफूलाई लगनशील बनाएकी मीनाले शहरका थुप्रै विद्यार्थी भन्दा आफूलाई बेग्लै पहिचानमा हुर्काएकी छिन् । आर्थिक बोझका कारण आफ्ना छोरीहरूलाई आफूले सोचेको विद्यालयको, सोचेको शिक्षा दिन नसकेको गुनासो गर्ने रत्नबहादुरका भित्री कुरा र इच्छा थाहा पाएर हो या नपाएर मीनाले त्यो सफल सुदूर भविष्यलाई राम्ररी आत्मसाथ गरेजस्तो लाग्दछ । यसै क्रममा उनका अन्य पक्ष पनि अध्ययनको विषय, क्षेत्र र उद्देश्यसँगै निरन्तर अघि सारेको छु ।

**३. अध्ययनको महत्त्व**

हरेक कामको आफ्नो आफ्नै महत्त्व हुन्छ । महत्त्व एकातिर फाइदाको कुरा हो भने अर्कातिर यो कार्यको सफलताको मापक पनि हो । यो बाल अध्ययनले पनि सम्बन्धित पक्ष र त्यो भन्दा पर्तिरका पर्यवेक्षकहरूका लागि पनि आफ्नै अर्थमा महत्त्व राख्ला । अनुसन्धानको यो प्रयासमा महत्त्वका कुरालाई निम्न रूपमा नियाल्न सकिन्छ ।

(क) छुट्टै भूगोलको छुट्टै समुदायबाट आएको विद्यार्थीको विविध पक्षको नजिकबाट गरिने अवलोकनले देखाउने विवरणका आधरामा, सिकाइमा भूगोल र समुदायको प्रभाव औंल्याउन सकिने ।

(ख) एक व्यक्तिको सूक्ष्म अध्ययनबाट अध्ययन र अनुसन्धान विधि र स्वरूप विकासगर्न सकिने ।

(ग) विद्यार्थीको अध्ययनले उसको सिकाइका लागि आवश्यक सकारात्मक र नकारात्मक पक्षलाई सजिलैसँग इङ्गित गर्न सकिने ।

(घ) विद्यार्थीको परिवारलाई कर्तव्यबोधका सवालमा विशेष पृष्ठपोषण समेत प्राप्त हुने ।

(ङ) आगामी योजना निर्माणगर्न र अन्य विद्यार्थी छनौट गरी अध्ययन अनुसन्धानका लागि मार्ग प्रशस्त गरिदिने ।

(च) यस्ता किसिमका बाल अध्ययनले अन्य प्रकारका अनुसन्धातालाई समेत सचेत गराउने र मार्ग निर्देशन प्रदान गर्दछ ।

(छ) बाल अध्ययनका क्रममा खोजीगर्दै अनुसन्धान गरी कतिपय महत्त्वपूर्ण विवरण पत्ता लगाउनुपर्ने हुँदा अनुसन्धान गर्ने बानीको विकास समेत हुन्छ ।

(ज) गरेर सिक्ने, बुझ्ने र खोजेर उपयुक्त कुरा सार्वजनिक गर्ने बानीको विकास हुन्छ ।

(झ) अनुसन्धातालाई पनि पृष्ठपोषण प्राप्त हुन्छ ।

## ४. समस्याको कथन

त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड. तेस्रो वर्षको अभ्यास शिक्षणका क्रममा हरेक छात्र-शिक्षकले आफूले अभ्यास शिक्षण गरेको कक्षाबाट एक जना छात्र वा छात्रा लिई बाल अध्ययन गरी एक प्रतिवेदन पेश गर्नुपर्ने अनिवार्य सर्तका लागि यो

छात्र शिक्षकले आफूले अभ्यास शिक्षण गरेको श्री मङ्गल उच्च मा.वि. कीर्तिपुरकी कक्षा सात 'क' मा अध्ययनरत छात्रा सुश्री मीना श्रेष्ठलाई लिएको छ । कक्षामा रहेका मन्द वा तीक्ष्ण बुद्धिका छात्र/छात्राबाट छनौट गरी यो अध्ययन अघि बढाउनुपर्ने हुँदा यहाँ तीक्ष्ण बुद्धिकी मीनालाई लिइएको छ । यो अध्ययनले विद्यार्थीका विविध पक्षलाई सङ्केत गर्ने हुँदा एकातिर सकारात्मक पक्षको अनुसरण र सफलताको रहस्योद्घाटन गर्नेछ । त्यसैगरी सुधार गर्नुपर्ने पक्षलाई पनि यसले सङ्केत गरिदिने छ । यो अध्ययन र यसको प्रतिवेदनले विशेषत यिनै छात्रा सुश्री मीना श्रेष्ठको भविष्यसँग गाँसिएर आउने शैक्षिक र विविध व्यक्तिगत चुनौतिका पाटालाई खोलिदिनेछ । जसको मद्दतले उनको सफल भविष्यलाई खोज्न धेरै सजिलो होला ।

## ५. अध्ययनका उद्देश्यहरू

हरेक कार्यको आफ्नै उद्देश्य हुन्छ । कुनै पनि कार्यको स्पष्ट उद्देश्य हुनु पर्दछ तब मात्र त्यसलाई गति दिन सकिन्छ र सजिलो पर्छ । हुनत शिक्षाशास्त्र सङ्कायको बि.एड. तेस्रो वर्षको अभ्यास शिक्षणका क्रममा गर्नुपर्ने बाल अध्ययन एक अनिवार्य सर्त र विषय भएकाले त्यसैलाई उद्देश्य ठान्नु कुनै अनौठो होइन तथापि यो बाल अध्ययनको आफ्नै मौलिक विशेषताहरू रहेका छन्, जसलाई निम्नानुसार हेर्न सकिन्छ -

(क) कक्षा ७ मा अध्ययनरत छात्रा सुश्री मीना श्रेष्ठको पारिवारिक पृष्ठभूमि पत्ता लगाउनु ।

(ख) उनको तीक्ष्ण बुद्धिका पछाडिका कारण पत्ता लगाउँदै हरेक तीक्ष्ण बुद्धिवालहरूको रहस्य थाहा पाउनु ।

(ग) उनको व्यक्तिगत पक्षको विशेष अध्ययन गर्नु ।

(घ) उनीसँग रहने साथीहरू र गुरुवर्गहरूको धारणा र दृष्टिकोण पत्ता लगाउनु ।

(ङ) उनका लागि केही महत्त्वपूर्ण सुझाव पेश गर्नु ।

## ६. अध्ययनको सीमा निर्धारण

अध्ययन र अनुसन्धानका क्रममा अनुसन्धाताले समय, आर्थिक हैसियत, श्रमलाई ध्यान दिनुपर्ने हुन्छ । छोटो समयमा सिमित श्रोत र साधनको प्रयोग गरी अधिकतम अध्ययन र अनुसन्धानको अपेक्षा गर्नु चुनौतिको विषय हो । यो अध्ययन र यसले दिने प्रतिवेदन यसैसँग जोडिएर आएकाले यसका आफ्नै सीमा बनेका छन् । तिनीहरूलाई निम्न बमोजिम यो अनुसन्धाताले पेश गरेको छ -

(क) मीनाले पढ्ने कक्षाका आंशिक विद्यार्थीहरूलाई मात्र अन्तर्वार्ता लिएर धेरै कुरा बुझ्न खोजिएको छ ।

(ख) उनलाई कक्षामा अध्यापन गर्ने केही शिक्षकबाट मात्रै उनका कुराहरू बुझिएको छ ।

(ग) उनको परिवारका सम्पूर्ण सदस्यहरूको विचार यसमा समावेश गरिएको छैन ।

(घ) उनको नजिकका (मिल्ने) साथीहरूको विचार मात्र लिइएको छ ।

(ङ) उनको नजिकका थोरै साथीहरूसँग मात्र उनको तुलनात्मक अध्ययन गरिएको छ ।

## ७. अध्ययन विधि

यो अध्ययन/अनुसन्धान गर्नका लागि विशेषत कक्षा अवलोकन, विद्यार्थीहरूको क्रियाकलापको अवलोकन, कक्षा शिक्षक र अन्य शिक्षक/शिक्षिकाको अन्तर्वार्ता, उहाँहरूको राय, सहपाठी साथीहरूसँगको अनौपचारिक कुराकानी र छलफल, उनका आमाबुबा र परिवारका अन्य सदस्यहरूसँग प्रत्यक्ष भेटमा गरिएको कुराकानी र राखिएका जिज्ञासाहरूको उत्तर सङ्कलन गरी प्राप्त अभिमतहरूको विश्लेषण गरिएको छ ।

यस क्रममा आएका प्रश्नहरू अनुसूची १, २, ३ मा समावेश गरिएको छ ।

## ८. तथ्याङ्कको व्याख्या तथा विश्लेषण

(क) मीनाको परिवारका सदस्यहरूको विवरण

| क्र.सं. | नाम/थर | नाता | जन्म (वि.सं.मा) | शिक्षा | पेशा | उमेर |
|---|---|---|---|---|---|---|
| ०१ | रत्नबहादुर श्रेष्ठ | बुवा | २०१५ | ५ कक्षा | प्रयोगशाला व्यक्ति (त्रि.वि.) | ४८ वर्ष |
| ०२ | इन्द्रमाया श्रेष्ठ | आमा | २०१७ | सामान्य | गृहिणी | ४६ वर्ष |
| ०३ | सविना श्रेष्ठ | दिदी | २०४५ | कक्षा ९ | विद्यार्थी | १८ वर्ष |
| ०४ | मीना श्रेष्ठ | | २०५२ | कक्षा ७ | विद्यार्थी | ११ वर्ष |
| ०५ | सपना श्रेष्ठ | बहिनी | २०५५ | कक्षा ४ | विद्यार्थी | ८ वर्ष |
| ०६ | बिपना श्रेष्ठ | बहिनी | २०५८ | कक्षा ३ | विद्यार्थी | ५ वर्ष |

मीनाका पिता रत्नबहादुर र माता इन्द्रमायाको विवाह वि.सं. २०४२ सालमा भएको हो । विवाह भएको तीन वर्षपछि पहिलो सन्तानका रूपमा छोरी सविनाको जन्म भएको हो । दुई दिदी पछि परिवारको तेस्रो सन्तानका रूपमा मीनाको जन्म वि.सं. २०५२ सालमा भएको हो । मीना पछि खुरु-खुरु दुई बहिनीहरू सपना र बिपनाको जन्म भएको देखिन्छ । यो परिवारमा छोरा नभएकाले नेपालको पुरातन परम्परा, नेपालीको इच्छा, (जो अद्यावधि चलेकै छ) छोरा खोज्ने चलनको प्रभाव र आकाङ्क्षा पनि रहेकै प्रमाणित हुन्छ ।

**(ख) पारिवारिक स्वास्थ्य**

मीनाको परिवारमा कसैलाई पनि ठूलो रोगले सताएको छैन । सबैको स्वास्थ्य स्थिति हालसम्म राम्रो छ । कुनै कुनै बखत सामान्य रुघाखोकी र सामान्य हैजाले भने भेट्ने गरेको पाइयो र यस्तो बेलामा स्वास्थ्य कर्मीको प्रत्यक्ष सर सल्लाहका आधारमा आवश्यक औषधोपचार गर्ने गरेकाले सबैको स्वास्थ्य स्थिति राम्रो रहेको छ । परिवारका सबै सदस्यलाई सामान्य तर स्वास्थ्यका दृष्टिकोणले उत्तम मानिएका खानेकुरा मनपर्ने

गरेको पाइयो । त्यसैले सबैको स्वास्थ्य स्थिति राम्रो रहेको हुनुपर्छ । यो परिवारको दैनिक खानामा दाल, भात, तरकारी लगायत मासु, माछा, अण्डा आदि पनि प्राय पाक्ने गरेको पाइयो ।

**(ग) प्रश्नावली तालिका विश्लेषण**

(अ) मीनाले भरेको फारमको आंशिक तथ्याङ्क विवरण

तालिका नं. १

| क.सं. | क्रियाकलाप | उत्तम | प्राय | कहिलेकाहीँ | थोरै | सधैँ | छैन/होइन | सामान्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा उपस्थिति | | | | | √ | | | |
| २ | विद्यालयमा दिइएको गृहकार्य | | | | | √ | | | |
| ३ | दिदी बहिनीसँग झगडा | | | √ | | | | | |
| ४ | घरमा आमाबुबाले गाली गर्ने | | | √ | | | | | |
| ५ | स्वास्थ्य परीक्षण | | | √ | | | | | |
| ६ | आफू पढाइमा सक्षम | | √ | | | | | | |
| ७ | कक्षा कोठामा बढी मनोरञ्जन | | | | √ | | | | |
| ८ | घरमा आमाबुबासँग झगडा | | | | | | | √ | |
| ९ | साथीभाइसँग झगडा | | | | | | | √ | |
| १० | चलचित्र हेर्ने बानी | | | √ | | | | | |

माथिको तालिकाका अनुसार मीना विद्यालय नियमित आउँछिन् र गृहकार्य पनि सधैँ गरेर ल्याउँछिन् । आफ्ना आमाबुबासँग उनी कहिल्यै झगडा गर्दिनन् तर दिदी-बहिनीसँग भने कहिलेकाहीँ यिनले झगडा गर्ने गरेको पाइयो । मीना कहिलेकाहीँ चलचित्र पनि हेर्छिन् । प्रायजसो घरमै बसेर यिनले चलचित्र हेर्ने भएकाले ती चलचित्रहरू हिन्दी हुने गर्दछन् । कहिलेकाहीँ भने अङ्ग्रेजी पनि पर्दछन् । समय समयमा नेपाली पनि यिनले हेर्ने चलचित्रभित्र परेकै हुन्छ ।

(आ) मीनाका आमाबुबाले भरेको फारमको आंशिक तथ्याङ्क विवरण

तालिका नं. २

| क्र.सं. | क्रियाकलाप | उत्तम | प्राय | कहिलेकाहीँ | थोरै | सधैँ | छैन/होइन | सामान्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | छोरी चलाख भएको अनुभव | | | | √ | | | | |
| २ | गृहकार्य गर्ने | | √ | | | | | | |
| ३ | गृहकार्य रुजू गर्ने | | | | | | √ | | |
| ४ | पढाइमा निर्देशन | | | √ | | | | | |
| ५ | बिहान बेलुका सुत्न र उठ्न भन्नुपर्ने | | | | | √ | | | |
| ६ | छोरीले झगडा | | | | | | √ | | |
| ७ | विद्यालयबाट सहयोग | | | | √ | | | | |
| ८ | खेल्ने बानी | | | √ | | | | | |
| ९ | मागेको कुरा पुऱ्याउनु भएको | | | | √ | | | | |
| १० | विरामी | | | | √ | | | | रुघा/खोकी |
| ११ | टि.भी./रेडियो हेर्ने, सुन्ने | | √ | | | | | | |
| १२ | छलफल गर्ने बानी | | | | | | √ | | |

माथिको तालिकाबाट मीनाको परिवारको विचारमा छोरी चलाख भएको बुझिन्छ । त्यसरी नै मीना गृहकार्य नियमित गर्दछिन् तर गृहकार्य कसैलाई रुजू गराउँदिनन् । मीनालाई सुत्न र उठ्न सधैँ निर्देशन दिनुपर्ने कुरा उनका मातापिता

बताउनुहुन्छ । जसअनुसार मीना बेलुकी ११:०० बजेसम्म पढेर सुत्छिन् भने बिहान चाहिँ ८:०० बजे उठाएपछि मात्रै उठ्छिन् । पविारभित्र खासै झगडा नगर्ने मीनाको स्वास्थ्य स्थिति पनि राम्रो रहेको छ । अभिभावकले विद्यालयबाट थोरै मात्र सहयोग पाएका छन् । मीनाले मागेका कुराहरू परिवारले थोरै मात्र पुऱ्याउन सकेको छ । आर्थिक रूपमा आफूहरू कमजोर रहेकाले उनका आवश्यकीय माग पूरा गर्न नसकेको बताउनु हुन्छ, आमा इन्द्रमाया । टि.भी. मा आउने हाँस्यव्यङ्ग्यात्मक शृङ्खलाहरू यिनलाई धेरै खुबै मन परेको पाइयो । त्यसैले बेलुकीको समयमा प्रायः टि.भी. हेर्ने यिनको बानी छ । अरू बेला रेडियो सुनेर पढ्ने गरेको पनि पाइयो । मीनाको पढाइ दैनिक यति नै घण्टा भन्ने देखिएन । कहिले धेरै कहिले थोरै पढ्ने गरेको पाइयो । लेखाइमा पनि केही घण्टा दैनिक समय खर्च गर्ने गरेको पाइयो । मीना बेलुकी ३ घण्टा सम्म पढ्ने, लेख्ने गर्छिन् भने बिहान १$\frac{१}{२}$ घण्टा सम्म पढ्ने यिनको बानी छ । घरमा पढ्ने वातावरण राम्रो रहेको छ ।

(इ) मीनाका विषय शिक्षकले भरेको फारमको आंशिक विवरण

तालिका नं. ३

| क्र.सं. | क्रियाकलाप | उत्तम | निकै | प्राय | कहिलेकाहीँ | केही/ मध्यम | सधैँ | सामान्य | छैन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थीको अनुशासन | √ | | | | | | | | |
| २ | विद्यार्थीको उपस्थिति | | | | | | √ | | | |
| ३ | गृहकार्य | | | | | | √ | | | |
| ४ | स्पष्ट बोल्ने | | √ | | | | | | | |
| ५ | व्यक्तिगत सरसफाइ | | √ | | | | | | | |
| ६ | साथीसँगको मिलनसारिता | | √ | | | | | | | |
| ७ | नबुझेको कुरा सोध्ने | | | √ | | | | | | |
| ८ | चनाखो | √ | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | स्वास्थ्य स्थिति | | √ | | | | | | | |
| १० | लगनशीलता | √ | | | | | | | | |
| ११ | अतिरिक्त क्रियाकलाप | | | | √ | | | | | |
| १२ | साथीसँग घुलमिल | | | √ | | | | | | |
| १३ | गुरु/गुरुआमा सँग छलफल | √ | | | | | | | | |
| १४ | निर्णय गर्ने क्षमता | | √ | | | | | | | |
| १५ | सहयोगी | | | | | √ | | | | |

माथिको तालिकाबाट मीनाको अनुशासन उत्तम रहेको छ भने उनको विद्यालयमा उपस्थिति सधैं भएको देखिन्छ । मीना, गृहकार्य सधैं लिएर आउँछिन् । नबुझेका कुराहरू शिक्षकलाई प्राय सोध्ने बानी यिनको रहेको छ । यिनी चनाखो, लगनशील र गुरु/गुरुआमासँग राम्ररी छलफल गरेर पढ्ने विद्यार्थी हुन् । मीना नेपाली भाषा उतिसारो प्रस्ट उच्चारण गरेर बोल्न सक्दिनन् । मीनाको व्यक्तिगत सरसफाइ ठिकै रहेको छ त यिनी साथीभाइसँग मिलनसार पनि छिन् साथै यिनी सहयोगी पनि छिन् । आफ्नो स्वास्थ्य स्थिति ठिकै रहेकी मीना कहिलेकाहीँ अतिरिक्त क्रियाकलापमा पनि भाग लिने गर्छिन् ।

## ९. मीनाको शैक्षिक स्थिति

मीनाको शैक्षिक स्थितिलाई हेर्न उनकै साथी अनिशा र उनको गत सालको परीक्षाफललाई तुलनात्मक अध्ययन गरिएको छ । यसले एकै विद्यालयका उही वातावरण र एउटै समुदायमा रहेका सहपाठीहरूको सिकाइको अवस्थालाई तुलनात्मक रूपमा अध्ययन गर्न सजिलो पार्नेछ । हुनत परीक्षा र मूल्याङ्कनमा थुप्रै फरक रहेको पाइन्छ अनि परीक्षालाई प्रभाव पार्ने तत्वहरू पनि धेरै नै रहने गर्दछन् तापनि यी परिणामहरूको तुलनात्मक अध्ययनले एकातिर मीनाको दक्षतालाई देखाउँछ त, अर्कातिर उनको शैक्षिक स्थितिलाई प्रस्ट्याउँछ ।

मीना र अनिशाको कक्षा ६ को नतिजा

| क्र.सं. | नाम | अङ्ग्रेजी | | गणित | नेपाली | विज्ञान | सामाजिक | जनसङ्ख्या | कम्प्युटर | सङ्गीत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एक | दुई | | | | | | | | |
| १ | मीना | ७१ | ५४.४ | ६९.२ | ७९.४ | ६९.२ | ७६.४ | ४३ | ८५.१ | २२.४ | ६०५.९ |
| २ | अनिशा | ४९.२ | २७ | ६६ | ६४.२ | ६१.५ | ५९.८ | ३९.१ | ७०.५ | १९ | ४८३.७ |
| पूर्णाङ्क | | १०० | ५० | १०० | १०० | १०० | १०० | ५० | १०० | ५० | ८०० |

मीना र अनिशाको नतिजालाई स्तम्भ चित्रमा हेर्दा,




कूल ८०० पूर्णाङ्कमा मीनाले ७५.७४ प्रतिशत अङ्क र अनिशाले ६०.४६ प्रतिशत अङ्क प्राप्त गरेको देखिन्छ ।

**१०. मीनाका बलिया तथा कमजोर पक्षहरू**

| क्र.सं. | बलियो पक्ष | क्र.सं. | कमजोर पक्ष |
|---|---|---|---|
| १ | मेहेनती र परिश्रमी | १ | पढाइ र लेखाइलाई समय बाड्न नजान्ने |
| २ | लगनशील | २ | कतिपय शब्दलाई प्रस्टसँग उच्चारण गर्न नसक्ने |
| ३ | नबुझेको कुरा सोध्ने | ३ | साथीहरूको नजिकमा रहन नखोज्ने |
| ४ | गृहकार्य सधैँ गर्ने | ४ | छलफल गरेर पढ्न मन नपराउने |
| ५ | सानालाई माया गर्ने तथा ठूलालाई आदर गर्ने | ५ | कर्तव्यपथमा अडिग भएर अघि बढ्न नसक्ने । |
| ६ | सहयोगी | ६ | पढाइको निरन्तरता कायम गर्न नसक्ने । |
| ७ | अनुशासित | | |
| ८ | अतिरिक्त क्रियाकलापमा भाग लिन मन पराउने | | |

**११. मीनाको अन्य पक्षसँगको सम्बन्ध**

(क) **भौतिक पक्ष**

मीना सुरुदेखि नै काठमाडौँ उपत्यका भित्रैकी हुन् । काठमाडौँको कीर्तिपुर नगरपालिकामा रहेको उनको एउटा पक्की घर र घरभित्र पुग्दो मात्रामा कोठाहरू रहेका छन् । उनीहरूसँग चाहिँदो मात्रामा मात्रै घरायसी सामानहरू रहेको पाइयो । जस्तै कि श्याम स्वेत टि.भी., रेडियो, फ्रिज, फोन, पङ्खा र फर्निचरहरू । त्यसो त उनको घरैमा दैनिक उपभोग्य सामानहरूको एक पसल पनि रहेको छ । घर वरिपरिको वातावरणभने उतिसारो सफा छैन । घरभित्रको वातावरण र सरसफाइ राम्रो छ । घरसँगै चर्पी र त्यसैभित्र नुहाउने कोठा समेत उपलब्ध छ । खानेपानीको पनि उचित

प्रबन्ध भएको पाइयो । बिजुलीको सुविधा राम्रो रहेको मीनाको घरबाट पाँच मिनेट तल गाडीको बाटो रहेको छ ।

**(ख) परिवार**

मीनाको परिवारमा मीना सहित ६ सदस्यहरू रहेका छन् । यो परिवारमा छोरा नभएकाले छोरीहरूलाई शिक्षित तुल्याउन निकै जोड दिइएको पाइयो । छोराछोरीमा कुनै पनि किसिमको भेदभाव गर्नु हुन्न भन्ने विचार परिवारका अभिभावकको रहेको छ । परिवारका चारै छोरीहरू एउटै विद्यालयमा पढ्ने गरेका छन् । सबैको पढाइ राम्रो रहेको पाइयो । पारिवारिक वातावरण पढाइका लागि, अत्यन्तै राम्रो छ । घर छिमेकका अन्य दाजुभाइ तथा दिदीबहिनीहरू पनि मीनाका समकक्षी वा उही विद्यालयको तल्लो र माथिल्लो कक्षामा अध्ययनरत बढी पाइयो । केही दाजु दिदी भने उच्च शिक्षा लिँदै गरेका पनि भेटियो । घर वरिपरिको वातावरण राम्रो रहेको छ जसले मीनालाई पढ्नका लागि हौसला नै दिइरहन्छ । घरका सबै सदस्यलेभने मीनालाई अत्यन्तै राम्रो पढ्ने वातावरण प्रदान गरेको पाइयो ।

**(ग) गुरु/गुरुआमासँगको सम्बन्ध**

आफूले नबुझेका कुरा मीना प्राय गुरुहरूसँग सोध्ने गर्छिन् । कक्षामा बस्दा ध्यानपूर्वक बसेर विषयवस्तुका बारेमा बुझ्नेप्रयास यिनको रहन्छ । यति गर्दा पनि नबुझिएका कुराकानीभने यिनले गुरु/गुरुआमासँग छलफल गरेर बुझ्ने गरेकी छिन् । गुरु/गुरुआमाले पनि मीनालाई औधी माया गरी उनले नबुझेका विषयवस्तुहरू सिकाइदिने गरेको पाइयो । कक्षामा शिक्षकले सोधेका प्राय प्रश्नको उत्तर दिने र नआएका कुरालाई पनि सकेसम्म भन्नेप्रयास गर्ने यिनको बानी रहेको पाइयो । शिक्षकहरूका हरेक सुझावहरू यिनका लागि हरेक पक्षमा प्रेरणाको स्रोत बन्ने गरेको छ ।

**(घ) मीना र उनका साथी**

अनिशा महर्जन र रश्ना महर्जन मीनाका खुबै मिल्ने साथीहरू हुन् । उनीहरूको आपसी सम्बन्ध अत्यन्तै राम्रो रहेको छ । एउटै समुदायभित्रका यिनीहरू एकअर्काकाप्रति सहयोगी पनि छन् । कक्षामा यिनीहरू प्राय पढ्न नै मनपराउने, त्यसैका सिलसिलामा घरी-घरी आपसमा रिसाउने गर्छन् तर तत्कालै मिल्ने गरेका पनि छन् । झट्ट हेर्दा गम्भीर प्रकृतिकी देखिने मीना, धेरै साथी बनाउन रुचाउँदिनन् तर भएका साथीहरूसँग सुमधुर सम्बन्ध स्थापित भैरहोस् भन्ने चाहना राख्छिन् ।

### (ङ) मीना स्वयं

मीनालाई बन्दाको तरकारी सहितको दाल र भात खुब मन पर्दछ । राँगा र खसीको मासु खाए तापनि यिनलाई कुखुराको मासुभने औधी मन परेको पाइयो । बेला-बेला यिनी अण्डा पनि मन पराएर खान्छिन् । विद्यालयबाट फर्किएर प्राय गृहकार्य गर्ने मीना, साँझको खाना पश्चात नेपाल टेलिभिजन लगायतका अन्य टेलिभिजन च्यानले प्रसारण गर्ने हाँस्यव्यङ्ग्यात्मक कार्यक्रम खुब रुचाएर हेर्छिन् । दैनिक ६ घण्टासम्म पढ्ने मीनालाई रातीको समयमा घर परिवारकाले सुत् भनेपछि मात्रै सुत्ने गरेकी छिन् । विद्यालयमा यिनलाई गणित सबैभन्दा अप्ठेरो र नेपाली सबैभन्दा सजिलो विषयका रूपमा रहेका छन् । मीनालाई सङ्गीतको धुनले पनि खुबै तान्ने गरेको छ । फुर्सदको बेला त्यसो त मीना, चुट्किलाका किताब र कथाका किताब पनि रुचाएर पढ्छिन् । कुनै-कुनै बेला बहिनीहरू र छिमेकका अन्य साथीहरूसँग लुकामारी खेल्ने यिनको बानी पनि छ ।

## १२. निष्कर्ष तथा सुझावहरू

### निष्कर्ष

वि.सं. २०५२ सालमा काठमाडौँ उपत्यकाको कीर्तिपुर नगरपालिका वडा नं. ४ मा जन्मिएकी मीना श्रेष्ठ यतिबेला कीर्तिपुर नगरपालिकामा नै अवस्थित मङ्गल उच्च मा.वि.; कक्षा ७ मा अध्ययन गरिरहेकी छिन् । पारिवारिक स्थिति सामान्य रहेकी मीना महङ्गो शिक्षाको प्रतिस्पर्धा भन्दा अलिकति पछि सरेर राजधानीको यो भीडमा

आफूलाई हिँडाइरहेकी छिन् । आफ्ना आमाबुबाले अत्यन्तै सामान्य शिक्षा लिएको जानेर हो कि मीनालाई पढाइको रहर गजबैसित चलेको छ । घरायसी वातावरण, पढाइका लागि, यिनलाई राम्रो मिलेको छ । छोरीलाई शिक्षा दिन हिच्किचाउने यो समाजमा, छोरीमात्र भएको यो परिवारले छोरीकाप्रति शिक्षाको महत्त्व राम्ररी बुझेको छ जुन सुविधामा मीना, मीनाकी दिदी सविता र बहिनीहरू सपना र विपना परेका छन् । कक्षामा पढाएको अत्यन्तै ध्यानपूर्वक सुन्ने मीना आफूलाई प्रस्ट नभएका कुरा नहिच्किचाई गुरु/गुरुआमासँग सोध्छिन् । फुर्सदको समय पनि साथीहरूसँग पढेरै बिताउने मीना साथीहरूसँग पढाइकै विषयमा छलफल गर्न मन पराउँछिन् । गुरु/गुरुआमाले पढाइसकेका पाठहरूका बारेमा राम्रो जानकारी हाँसिल गरेर आउने मीना गृहकार्य नियमित रूपमा लिएर आउँछिन् । मीनालाई पढाइप्रति औधी रुचि छ । परिवारको आर्थिक अवस्था कमजोर रहेकाले माथिल्लो तह र कक्षामा आफूलाई चाहिने सामग्रीहरू अनि सोचेको विषयको अध्ययनको पूर्वाधार तयार नहुने हो कि भन्ने आशङ्काले उनको भविष्यलाई अहिलेदेखि नै नजानिदो पाराले कोतर्न थालेको आभाष हुन्छ । शिक्षकहरूले अझै राम्ररी निर्देशन दिँदै गए र विद्यालयले पनि उनको अवस्थालाई नजिकबाट अध्ययन गरी उनलाई सहयोग गरे मीनाले अवश्य पनि प्रगति पथमा आफूलाई सदैव हिँडाउनेछिन् । मीनाका आमाबुबा अघिल्लो जमानामा सामान्य शिक्षा हाँसिल गरी मीनालाई यो अवस्थामा यसरी हिँडाउन सक्षम हुनुहुन्छ, उहाँहरूलाई अझै राम्रो सल्लाह र मार्गनिर्देशनको खाँचो पनि छ । यी सबै कुराहरू मिल्दै गए मीना, नेपाली समाजकी एक सशक्त नारी प्रतिभा बनेर निसन्देह रूपमा अघि सर्नेछिन्, फुल्नेछिन्, फक्रिनेछिन् ।

**सुझावहरू**

(क) मीनाको परिवारलाई सल्लाह र प्रेरणा दिनुपर्छ ।

(ख) मीनाको परिवारको आर्थिक अवस्था कमजोर रहेकाले विद्यालयले मीनालाई निःशुल्क शिक्षाको व्यवस्था मिलाइदिनु पर्दछ ।

(ग) मीनाका गुरु/गुरुआमाहरूले उनलाई पढ्न हौसला, सरसल्लाह अनि उचित निर्देशन दिँदै पढ्ने तरीका बताइदिन आवश्यक छ ।

(घ) विद्यालयले कक्षामा अनुशासित वातावरण तयार पारी जेहेन्दार विद्यार्थीको पढाइलाई सहयोग पुऱ्याइदिनु पर्दछ ।

(ङ) मीनाको उमेर सानै भएकाले कतिपय अवस्थामा मानसिकता विचलित हुने गरेता पनि पढाइकाप्रति अभिरुचि जगाइदिने हिसाबले केही सल्लाह र सुझावहरू अभिभावकका मार्फत शिक्षकले, दिन पनि आवश्यक छ ।

(च) मीना गणित जस्तो महत्त्वपूर्ण पक्षमा कमजोर रहेकीले, अभिभावकहरूले सम्बन्धित विषय शिक्षकसँग सम्पर्क राखी सो विषयको फाल्टु प्रशिक्षण लिने व्यवस्था मिलाइदिनु पर्दछ ।

(छ) अभिभावकहरूले पनि विद्यालयमा गई मीनाका बारेमा जानकारी लिई, समस्याको निराकरणका लागि विषय शिक्षकहरूसँग बारम्बार परामर्श लिने गर्नुपर्दछ ।

धन्यवाद !

# आफ्नै कुरा

अध्ययनका क्रममा अध्यापनको कुरा हो यो अनि अध्यापनका क्रममा परीक्षा र यसैको एक प्रणालीको कुरा हो यो । नियमसँग गाँसिएर आउने क्रममा यो अध्ययन र अनुसन्धानले छोएका र भेटेका कतिपय पाटामा आफ्नै ढङ्गले स्वरूप विकास गर्न खोज्दा बन्ने र बनाइने आकृतिले देखाएको रूप हो यो । कतिपल्ट बाटामा सयकडौँ स्वरूप फेला परे तर ती यसरी अध्ययन र अनुसन्धानको विषय बन्न सकेनन् यो अवसरले संयोगसँग यसरी गाँसिदियो कि यो यही ढाँचामा तयार पार्ने सुअवसर प्राप्त भयो । जसलाई मैले यसैगरी अघि बढाएँ ।

त्रि.वि.वि. शिक्षाशास्त्र सङ्कायको बि.एड. तेस्रो वर्षको नेपाली अभ्यास शिक्षण लाई नजिकबाट हेर्दा, यसको अनिवार्य सर्त अनुसार म। अभ्यास शिक्षणका क्रममा छात्र-शिक्षक बनेर मङ्गल उच्च मा.वि. कीर्तिपुरमा आइपुगेँ । हरेक छात्र-शिक्षकले गर्नुपर्ने बाल अध्ययनका क्रममा मैले आफूले अध्यापन गर्ने गरेको कक्षा सातकी छात्रा सुश्री मीना श्रेष्ठलाई लिएर यो प्रतिवेदन तयार पार्ने अवसरको सदुयोगमा जुटेँ । त्यही जुटाइ नै यो प्रतिवेदनको स्वरूप हो ।

कुनै पनि कामका लागि प्रत्यक्ष अप्रत्यक्ष रूपमा धेरैको सहयोग रहने र लिने क्रम चलेकै हुन्छ । यस क्रममा यो छात्र-शिक्षकले पनि धेरैसँग बिन्ती बिसाएर मीनासँग सम्बन्धित कुराकानीहरू सङ्कलन गरेको छ । विशेषत यो छात्र-शिक्षकलाई मीनाले नै धेरै सहयोग गरेकी हुन् भन्ने लागेको छ किनकि उनले आफ्नो परिवारसँग भेटघाट गराएर थुप्रै जिज्ञासाहरू शान्त पार्ने अवसर मिलाइदिइन् । उनका मातापिता र दिदीबहिनीको सहयोग पनि उत्तिकै रह्यो । अर्कातिर उनका साथीहरू 'अनिशा, रश्ना, सोनी' हरूको पनि यो छात्र-शिक्षकले सहयोग लिएकै छ । त्यसरी नै मीनालाई कक्षामा नेपाली विषय नै पढाउने गुरुआमा विजू घिमिरेको पनि यसले लिएको सहयोग, नकार्न मिल्दैन । सहयोगका लागि सबैलाई धन्यवाद छँदैछ ।

कक्षा सातमा गएर यो छात्र-शिक्षकले पनि मीना र मीनाहरूलाई पुग-नपुग डेढ महिना मेरो नेपाली माला (७) पढायो । त्यसै क्रममा फेला परेकी हुन् मीना श्रेष्ठ । यो अध्ययन/अनुसन्धान उनैका बारेमा हो जसले मीनाका लागि विशेषत भविष्य निर्माणका पक्षमा धेरथोर बोल्ने नै छ । जे होस्, आजैदेखि, सुदूर भविष्यसम्म मीना, अवश्य नै नेपाली समाजकी प्रतिनिधि पात्रा हुन्, अहिले यति नै भनौं ।

प्रस्तुत कर्ता
हेमबहादुर भण्डारी
नेपाली शिक्षण विभाग
महेन्द्ररत्न क्याम्पस,
ताहाचल, काठमाडौं ।

# वैयक्तिक अध्ययन

**श्री मङ्गल उच्च मा.वि. कीर्तिपुर, काठमाडौँ कक्षा ७ मा अध्ययनरत छात्रा सुश्री मीना श्रेष्ठको वैयक्तिक अध्ययन**

**त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय स्नातक तेस्रो वर्षको अभ्यास शिक्षण अन्तर्गत तयार पारिएको वैयक्तिक अध्ययन**


**प्रस्तुतकर्ता**

**हेमबहादुर भण्डारी**

**नेपाली शिक्षण विभाग**

**महेन्द्ररत्न क्याम्पस**

**ताहाचल, काठमाडौँ**

**बि.एड. (तेस्रो वर्ष)**

**रोल नं. १४४ (दिवा समूह)**

**रजिष्ट्रेसन नं. ५-१-८-५८-९८**

**परीक्षा रोल नं. २९०५४६**

# विषयसूची


**१. पृष्ठभूमि**

**२. मीनाको परिचय र उनको पारिवारिक पृष्ठभूमि**

**३. अध्ययनको** महत्त्व

**४. समस्याको कथन**

**५. अध्ययनका उद्देश्यहरू**

**६. अध्ययनको सीमा निर्धारण**

**७. अध्ययन विधि**

**८. तथ्याङ्कको व्याख्या तथा विश्लेषण**

(क) मीनाको परिवारका सदस्यहरूको विवरण

(ख) पारिवारिक स्वास्थ्य

(ग) प्रश्नावली तालिका विश्लेषण

(अ) मीनाले भरेको फारमको आंशिक तथ्याङ्क विवरण

(आ) मीनाका आमाबुबाले भरेको फारमको आंशिक तथ्याङ्क विवरण

(इ) मीनाका विषय शिक्षकले भरेको फारमको आंशिक विवरण

**९. मीनाको शैक्षिक स्थिति**

**१०. मीनाका बलिया तथा कमजोर पक्षहरू**

**११. मीनाको अन्य पक्षसँगको सम्बन्ध**

(क) भौतिक पक्ष

(ख) परिवार

(ग) गुरु/गुरुआमासँगको सम्बन्ध

(घ) मीना र उनका साथी

(ङ) मीना स्वयं

**१२. निष्कर्ष तथा सुझावहरू**

निष्कर्ष

सुझावहरू

**१३. अनुसूचीहरू**